म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १४७ २०८१ वैशाख ६ गते बिहिबार 18 April 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

**जनस्वास्थ्य कार्यालय मकवानपुरद्धारा**
**जनहितमा जारी सन्देश**

बालबालिकाहरुका लागि हरेक वर्ष राष्ट्रिय "भिटामिन ए" खुवाउने कार्यक्रम यहि २०८१ बैशाख ६ र ७ गते संचालन हुने भएको छ । उक्त कार्यक्रमको नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत ६ महिनादेखि ५९ महिना उमेर समूहसम्मका बालबालिकालाई "भिटामिन ए" र १ बर्षदेखि ५ बर्ष उमेरसम्मका बालबालिकालाई जुकाको औषधी खुवाऔं ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
हेटौंडा, मकवानपुर
०५७-५२०७१८

## निजी विद्यालयको वर्गीकरणको प्रक्रिया सुरु


*हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलको प्रयोगशालाको अनुगमन गर्दै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको शिक्षा महाशाखाले हेटौंडाका निजी विद्यालयको अनुगमन सुरु गरेको छ । विद्यालयको वर्गीकरण गर्ने उद्देश्यले बुधबारबाट अनुगमन गर्न सुरु गरिएको हो । शिक्षा महाशाखाका अधिकृतको नेतृत्वमा जनप्रतिनिधि, प्याब्सन प्रतिनिधिको दुई वटा समूहले बुधबार दुईवटा विद्यालयको अनुगमन गरेको छ । शिक्षा अधिकृत हरिचन्द्र सापकोटा र पुष्कर राज विष्टको नेतृत्वमा बुधबार दुईवटा अनुगमन समूह खटिएको हो ।

हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल र हेटौंडा-५ स्थित ज्ञानदीप शिक्षा निकेतनको अनुगमन गरिएको छ । वर्गीकरणको प्रक्रियामा विद्यालयले तयार पारेको स्वमूल्यांकन फारममै आधारित भएर अनुगमन गरिएको हो । विद्यालय वर्गीकरणका लागि ७० बुँदे सूचक तयार पारिएको छ । हेटौंडा उपमहानगरका ४८ विद्यालयमध्ये करिब १५ वटा विद्यालयले स्वमूल्यांकन फारम समेत भरेका छैनन् ।

वर्गीकरणका क्रममा विद्यालयको पूर्वाधार, विद्यार्थीको सिकाई, टिकाउ दर, उत्तीर्ण दर, शिक्षक, कर्मचारीको अनुपात, वृत्तिविकास, सेवा सुविधा, खानेपानी, शौचालयको सुविधा, प्रयोगशाला, पुस्तकालयको सुविधा, खेल पूर्वाधार लगायतका विद्यालयको बहुपक्षीय मूल्यांकन गरिनेछ । कुल २ सय पूर्णाङ्कको मूल्यांकन गरी ८० प्रतिशत भन्दा माथि अंक प्राप्त गर्ने विद्यालयलाई क वर्गको विद्यालयको रुपमा वर्गीकरण गरिने छ भने ६० देखि ७९.९ प्रतिशत अंक प्राप्त गर्ने विद्यालयलाई ख वर्गमा राखिनेछ । ४० देखि ५९.९ प्रतिशत अंक प्राप्त गर्ने विद्यालयलाई ग वर्गमा राखिने छ भने ४० प्रतिशतभन्दा कम अंक प्राप्त गर्ने विद्यालयलाई घ वर्गमा राखिने छ ।

विद्यालयको अनुगमन गरी वर्गीकरण गरेपछि निजी विद्यालयको शूल्क निर्धारणको कार्य समेत हुनेछ । विद्यालय वर्गीकरण र शूल्क निर्धारणको प्रक्रिया समयमै पूरा हुन नसकेकोले शिक्षा महाशाखाले निजी विद्यालयलाई अघिल्लो शैक्षिक सत्रअनुसार नै शूल्क लिन समेत सूचित गरेको महाशाखा प्रमुख सीताराम कोइरालाले जानकारी दिनुभएको छ । विद्यालयको वर्गीकरण र शूल्क निर्धारणको प्रक्रिया चैत मसान्तसम्ममा सम्पन्न गर्नुपर्नेमा उपमहानगरपालिकाको बेवास्ताले ढिलाई भएको हो । केही दिनमै वर्गीकरणको प्रक्रिया पूरा गरी शूल्क निर्धारणको प्रक्रिया पूरा गरिने महाशाखा प्रमुख कोइरालाले बताउनुभएको छ ।

## १५ दिनदेखि प्रमुख सचिवविहीन बागमती प्रदेश

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश १५ दिनदेखि प्रमुख सचिवविहीन भएको छ । चैत १५ गते प्रदेशका प्रमुख सचिव घनश्याम उपाध्यायको सरूवा भएसँगै बागमती प्रदेश प्रमुख सचिवविहीन भएको हो ।

चैत ८ गते बसेको मन्त्रिपरिषद् बैठकले संघका सचिवहरुको बढुवा गरेसँगै ठूलो संख्यामा सचिवको सरुवा गरेको थियो । प्रदेशका सचिवको सरुवा बढुवा संघीय सरकारले गर्दछ । राजनैतिक अस्थिरताका कारण सरकारले सचिव पठाउन भ्याएको छैन ।

सरकारलाई सत्ता जोगाउने चटारो परेको छ । कर्मचारीको व्यवस्थापनमा सरकारले ध्यान दिएको देखिँदैन । तत्कालीन प्रदेश प्रमुख सचिव उपाध्याय सरुवा भएपश्चात् संघीय सरकारको २ पटक मन्त्रिपरिषद् बैठक बसिसकेको छ । तर बागमती प्रदेशमा प्रमुख सचिवको रुपमा कसलाई पठाउने भन्ने निश्चित भएको छैन ।

प्रदेशमा प्रमुख सचिव नहुँदा कार्यसम्पादनमा समेत केही प्रभाव परेको छ । प्रदेशमा पछिल्लो समय मन्त्रिपरिषद् बैठक बस्न सकेको छैन । प्रमुख सचिव उपाध्यायको संघीय सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सरुवा भएको हो । प्रदेशमा प्रमुख सचिवको रुपमा को आउने निश्चित भएको छैन । उपाध्याय बागमती प्रदेशमा करिब ८ महिना बसेर सरुवा हुनुभएको हो ।

## सवारी कारबाहीबाट करिब दुई करोड राजस्व संकलन

समाज संवाददाता

हेटौंडाः जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा सवारी साधन कारबाहीबाट करिब २ करोड रुपैयाँ राजस्व संकलन गरेको छ । ट्राफिक प्रहरीले साउनदेखि चैतसम्म २६ हजार १ सय ८४ सवारी साधनलाई कारबाही गरी १ करोड ९४ लाख ८ हजार ५ सय ३ रुपैयाँ राजस्व संकलन गरेको हो ।

चालु आर्थिक वर्षको साउन महिनामा १ हजार ७ सय १७ सवारी साधनलाई कारबाही गरी १२ लाख १२ हजार रुपैयाँ, भदौमा २ हजार ३ सय ५२ सवारी साधनलाई कारबाही गरी १६ लाख ५२ हजार ५ सय रुपैयाँ, असोजमा २ हजार ७ सय ४० सवारी साधनलाई कारबाही गरी १९ लाख ५५ हजार रुपैयाँ र कार्तिकमा २ हजार २ सय ८ सवारी साधनलाई कारबाही गरी १६ लाख ८७ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

यस्तै, मंसिरमा ३ हजार ६ सय सवारी साधनलाई कारबाही गरी २७ लाख २४ हजार रुपैयाँ, पौषमा ३ हजार २ सय १८ वटा सवारी साधनलाई कारबाही गरी २३ लाख ७३ हजार रुपैयाँ, माघमा ३ हजार ३ सय ७४ सवारी साधनलाई कारबाही गरी २५ लाख २८ हजार रुपैयाँ र फागुन महिनामा ३ हजार ३ सय ६८ सवारी साधनलाई कारबाही गरी २४ लाख १२ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

चालु आर्थिक वर्षको चैत मसान्तसम्म संकलन भएको राजस्व गत आर्थिक वर्षको तुलनामा कम हो । गत आर्थिक वर्षको चैत मसान्तसम्ममा ३२ हजार ७२ सवारी साधनलाई कारबाही गरी २ करोड ४५ लाख ९१ हजार रुपैयाँ राजस्व संकलन भएको थियो ।

## १५० केजी गाँजासहित ७ जना पक्राउ



*लागुऔषधसहित पक्राउ परेकाहरुलाई प्रहरीले सार्वजनिक गर्दै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-४, माथिल्लो मसिनेबाट १ क्विन्टल ५० किलो लागुऔषध गाँजासहित ७ जनालाई नेपाली सेनाले पक्राउ गरेको छ ।

मंगलबार पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती सामुदायिक वन क्षेत्रमा खटिएको पर्सा राष्ट्रिय निकुञ्जका कर्मचारी र निकुञ्जको सुरक्षार्थ खटिएको नेपाली सेनाको टोलीले पर्सा जिल्लातर्फ लैजाँदै गरेको अस्थामा पैदल हिँडिरहेका उनीहरुको साथबाट १ क्विन्टल ५० किलो लागुऔषध गाँजा बरामद गरेको थियो ।

पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-३, बस्ने १५ वर्षीय सुरेश प्रजा, गाउँपालिका-७ का १९ वर्षीय टिकाराम प्रजा, कैलाश गाउँपालिका-४ का २८ वर्षीय बम बहादुर चेपाङ, २७ वर्षीय हरि कुमार प्रजा, २७ वर्षीय बीरमान प्रजा, मनहरी गाउँपालिका-३, हाँडीखोलाका ४४ वर्षीय रामहरी लुईटेल र मनहरी गाउँपालिका-५ का ३६ वर्षीय दीपक थापा मगर रहेको बागमती प्रदेश प्रहरीले जानकारी दिएको छ । लागुऔषध गाँजासहित पक्राउ परेकाहरुलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासत कक्षमा राखिएको छ ।

## आज र भोलि भिटामिन 'ए' र जुकाको औषधि खुवाइने

समाज संवाददाता

हेटौंडाः देशव्यापीरुपमा आज बिहिबार र भोलि शुक्रबार दुई दिन बालबालिकालाई भिटामिन ए र जुकाको औषधी खुवाइँदैछ । देशव्यापीरुपमा स्थानीय स्वास्थ्य केन्द्रमा बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउने छ । सरकारले निर्धारण गरेको 'राष्ट्रिय भिटामिन ए कार्यक्रम' अन्तर्गत् ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकाहरुलाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउन लागेको महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका रेखा मैनालीले जानकारी दिनुभयो । ६ महिनादेखि २ वर्षसम्मका बालबालिकालाई बहुसूक्ष्म पोषक तत्व (बालभिटा) पनि वितरण गरिनेछ । सरकारले हरेक वर्षको दुई पटक बैशाख ६-७ र कात्तिक २-३ गते 'राष्ट्रिय भिटामिन ए कार्यक्रम' सञ्चालन गर्दै आएको छ ।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

Email:sambridhasamaj@gmail.com

**एसईई सकियो**

**एक साताको आराम पनि सकियो**





नतीजा आउन झण्डै २ महिना बाँकी छ ।
फुर्सदको समय सदुपयोग गर्ने
र
सञ्चार क्षेत्रमा भविष्य खोज्ने तपाइँका लागि
**हामी साथ दिन सक्छौं ।**

९८५५०६८२२७
**समृद्ध समाज राष्ट्रिय दैनिक**
हेटौंडा, मकवानपुर

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# सम्पादकीय

## कृषिको आधुनिकीकरणमा जोड

बागमती प्रदेश सरकारले सुरुवातदेखि नै कृषि क्षेत्रमा चासो राख्दै कृषिको आधुनिकीकरणमा जोड दिएको भए पनि आशातित सफलता प्राप्त गर्न सकेको छैन । आर्थिक समृद्धिको मुख्य आधार बन्नसक्ने कृषि क्षेत्रको विकासमा बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्राथमिकतामा पर्दै आएको छ । प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेटमा कृषि क्षेत्रले प्राथमिकता पाउने गरेको भए पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन नसकेको हो । प्रदेश सरकारले कृषि क्षेत्रको विकास र आधुनिकीकरणका लागि लागू गरेका अधिकांश कार्यक्रमले लक्ष्यअनुरुपको उपलब्धी हासिल गरेको छैन । आगामी आर्थिक वर्षको पूर्वबजेटबारे आयोजना भएको छलफल कार्यक्रममा पनि विज्ञहरुले कृषिको आधुनिकीकरण गर्न सुझाव दिइरहँदा विगतमा भएका कार्य र त्यसको उपलब्धीबारे समीक्षा हुनु आवश्यक छ ।

आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमाका लागि भएको पूर्वबजेट छलफलमा विज्ञहरुले कृषि क्षेत्रमा आधुनिकीकरण गरी कृषिमा परिमार्जन गर्न सुझाव दिएका छन् । छलफलमा विज्ञहरुले कृषिलाई पर्यटनसँग जोड्न र परम्परागत कृषि प्रणालीलाई आधुनिकतामा लैजान जोड दिएका हुन् । स्थानीय तहको समन्वयमा प्रदेश सरकारले भूमि उपयोग कार्यक्रम बनाउनुपर्ने, स्थानीय तहमार्फत् कृषिमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिई प्राविधिक शिक्षामा जोड दिनुपर्ने विज्ञहरुको सुझाव छ । कृषि उत्पादनलाई उद्योगसँग जोड्नुपर्ने र उत्पादनको आधारमा अनुदानमा जोड दिनुपर्ने सुझाव दिइएको छ । खाद्य संकट कम गर्ने क्षेत्रमा जोड दिंदै कृषिको उत्पादकत्व वृद्धि र गुणस्तर सुधार्न प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट लक्षित हुनुपर्ने विज्ञहरुको राय छ । कृषि उत्पादनको निर्यात बढाउनुपर्ने भन्दै यसका लागि कृषि उत्पादनको ब्राण्डिङ गर्नुपर्नेमा विज्ञहरुको सुझाव छ ।

नेपाललाई कृषिप्रधान देश भन्ने गरिएको छ । कृषिमा धेरै मानिस संलग्न हुनु, कृषिको राम्रो सम्भावना रहनु र कृषिबाटै देशको आर्थिक समृद्धि हासिल गर्न सकिने भएकाले कृषिप्रधान देश भन्ने गरिएको हो । तर, मुलुकको कृषिबाट अपेक्षाकृत उत्पादकत्व प्राप्त भएको छैन । अधिकांश कृषि उपजमा देश परनिर्भर रहेको छ । बार्षिक करिब ३ खर्ब रुपैयाँको कृषि वस्तुमात्र आयात हुनुले कृषि उत्पादनको अवस्थालाई चित्रण गर्दछ । यही यथार्थलाई बुझेर बागमती प्रदेश सरकारले विभिन्न कृषि उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्य राखेको भए पनि त्यसको कार्यान्वयन निकै कमजोर देखिएको छ । करिब ४ वर्षअघि नै ५ वर्षभित्र सबै प्रकारको कृषि उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउने लक्ष्य राखेको बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७७/०७८ भित्रै प्रदेशलाई दूध र माछामा आत्मनिर्भर बनाउने लक्ष्य लिएको थियो । त्यसो त प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७ मै माछामासु, अण्डा, दूध, फलफूल, तरकारी, पुष्प, मह र च्याउमा ३ वर्षभित्र आत्मनिर्भर बन्ने लक्ष्य निर्धारण गरेको थियो, जुन अहिलेसम्म पनि पूरा भएको छैन ।

विगतमा कृषिमा आधुनिकीकरण, उत्पादन वृद्धि र कृषि उत्पादनमा आत्मनिर्भर बनाउन भनेर बागमती प्रदेश सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन गरेको थियो । कृषि क्षेत्रको विकासका लागि प्रदेश सरकारले लगानी गरेका अधिकांश कार्यक्रमले लक्ष्य हासिल गरेको छैन भने कतिपय कार्यक्रम अझै अलपत्र छन् । प्रदेश सरकारले हेटौंडा-१० मा निर्माण सम्पन्न गरेको पाउडर दूध उत्पादन उद्योग सञ्चालन हुन नसक्नु र हेटौंडा औद्योगिक क्षेत्रमा निर्माण गर्ने भनिएको कृषि औजार कारखाना कागजमै सिमित हुनुले वास्तविकता उजागर गरेको छ । विज्ञहरुको सुझाव र प्रदेश सरकारको नीति तथा कार्यक्रमले कृषिको आधुनिकीकरणमा जोड दिएको भए पनि कार्यक्रम कार्यान्वयनको अवस्था निराशाजनक छ । आधुनिक तथा व्यावसायिक कृषिबाटै उत्पादकत्व वृद्धि गरी कृषिमा आत्मनिर्भरतर्फ अग्रसर हुन सकिने तथ्यलाई मध्यनजर गर्दै प्रदेश सरकारले उपयुक्त कार्यक्रम ल्याएर प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | एम्बुलेन्स १०२ |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वान-वाहनसँग सजगता अपनाउँदा राम्रो ।
**वृष** : कल्पना र मनोरञ्जनमा रमाइने योग छ ।
**मिथुन** : सामाजिक र धार्मिक काममा सरिक ।
**कर्कट** : सामाजिक र आर्थिक कार्यमा सरिक भइनेछ ।
**सिंह** : शारीरिक अस्वस्थताले सताउने समय छ ।
**कन्या** : लेखाइ-पढाइका कामहरु मध्यमकारक ।
**तुला** : भ्रमण र भेटघाटमा समय व्यतित होला ।
**वृश्चिक** : अध्ययन-अध्यापनका कामहरु मध्यम ।
**धनु** : पढाइ-लेखाइ ठिकै मन द्विविधा युक्त होला ।
**मकर** : पढाइ-लेखाइका काममा सरिक भइने योग छ ।
**कुम्भ** : परीक्षा प्रतियोगितामा सफलता प्राप्त योग ।
**मीन** : सहयोगी र मिलनसार बनिने योग देखिन्छ ।

# निराशा चिर्ने नीतिको खाँचो





✍रत्न प्रजापति

युवापुस्ता गाउँबाट सहर पस्ने र सहरबाट पनि विदेश भासिने क्रम पछिल्लो समय ह्वात्तै बढेको छ। युवापुस्ता गाउँबाट सहर पस्ने र सहरबाट पनि विदेश भासिने क्रम बढेसँगै गाउँ युवाविहीन बन्न थालेको छ भने सहरमा पनि आवश्यक युवा जनशक्तिको अभाव देखिन थालेको छ। यस्तो अभाव पूर्ति गर्न भारतीय कामदारको भर पर्नुपर्ने अवस्था पनि सिर्जना भएको छ, जसले गर्दा नेपाली कामदारले विदेशबाट विप्रेषण पठाएजस्तै भारतीय कामदारले नेपालबाट विप्रेषण पठाउने क्रम पनि बढेको छ।

अहिले दिनमा औसत हजारभन्दा बढीको संख्यामा नेपाली युवा कामका लागि विदेश गइरहेको तथ्यांक छ। आखिर किन यति ठूलो संख्यामा नेपाली युवा कामका लागि बिदेसिरहेका छन् ? गाउँघर नै युवाविहीन पारेर नेपाली युवा रहरले विदेश गइरहेका छन् कि बाध्यताले ? यसबारेमा कुनै औपचारिक अध्ययन-अनुसन्धान भएको पाइँदैन। तर, अध्ययन-अनुसन्धान नै गर्ने हो भने यस्तो अत्याशलाग्दो गरी नेपाली युवा बिदेसिनुको कारणमा रहरभन्दा बाध्यताको पल्ला भारी हुने निश्चित छ।

नेपाली युवा ठूलो संख्यामा बिदेसिनुमा धेरै थरी आर्थिक, सामाजिक र राजनीतिक कारण छन् । विद्यमान कहालीलाग्दो बेरोजगारी, गरिबी र राज्यप्रतिको निराशाले डोर्याइएका धेरै नेपाली युवा आफ्नो उज्ज्वल भविष्यको सपना साँच्दै बिदेसिने गरेका छन्। अर्थतन्त्रमा छाएको मन्दीले रोजगारी सिर्जना ठप्पजस्तै छ। तर बर्सेनि श्रमबजारमा प्रवेश गर्ने जनशक्तिको संख्या भने झन्डै साढे ५ लाख पुगेको अनौपचारिक तथ्यांक छ, जसले गर्दा बेरोजगारको संख्या दिनप्रतिदिन बढिरहेको छ । रोजगारीको अवसर पाउनु भाग्योदय चिट्ठा पर्नुजस्तै भएको छ । यस्तै कारणले नेपाली युवा रोजगारीकै लागि बिदेसिन विवश छन् ।

अझै पनि देशमा १५.१ प्रतिशत नेपाली जनता गरिबीको रेखामुनिको जीवनयापन गर्न बाध्य छन्। यही गरिबीबाट छुट्कारा पाउनका लागि आयआर्जनको विकल्प खोज्ने महत्वाकांक्षी युवा गाउँघर मै बसेर गर्न सकिने कृषिकर्मलाई लत्याएर छिटो कमाउने र धेरै कमाउने आशामा वैदेशिक रोजगारीमा हान्निँदै छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिने रोजगारीका लागि बिदेसिने युवाको भीड यही आशा र सपनाको परिणाम हो ।

देशको राजनीति र राज्य आमनेपाली जनताको आशा र भरोसाको केन्द्र हो । तर, नेपालको वर्तमान राजनीति र राज्यले पनि नेपाली जनतामा कुनै आशा र भरोसा जगाउन सकेको छैन। बरु चरम निराशा मात्रै दिएको छ, देशको वर्तमान राजनीति र राज्यले पनि। यही निराशाले डोर्याइएका युवा अन्ततोगत्वा केही गर्ने, केही कमाउने र आफ्नो र परिवारको भविष्य सुनिश्चित गर्ने सपनाले अनेक दुःखकष्ट सहेर पनि वैदेशिक रोजगारीमा जान लालायित छन्। वैदेशिक रोजगारीमा जान खोज्ने अधिकांश युवालाई थाहा छ, वैदेशिक रोजगारीभित्रको कथा र व्यथा पनि। तर, त्यस्तो कथा र व्यथा थाहा हुँदाहुँदै पनि अन्तिम विकल्पको रूपमा त्यही वैदेशिक रोजगारीलाई रोज्न विवश छन् अधिकांश नेपाली युवा। खुकुरीको धारमा टेक्दा काट्छ अथवा आगोमा टेक्दा पोल्छ भन्ने थाहा हुँदाहुँदै पनि त्यही खुकुरीको धारमा टेक्न अथवा त्यही आगोमा टेक्नुपर्ने नियति बोकेर बाँचेका छन् धेरै नेपाली युवा।

देशको राजनीति र राज्य हाँक्ने शासकहरूले नेपाली जनतालाई यति धेरै निराशा नदिएको भए अनेक दुःखकष्ट सहेर रोजगारीका लागि बिदेसिनुपर्ने बाध्यता पनि रहरजस्तै हुने थिएन । देशको परिस्थितिलाई नियाल्दा रोजगारीका लागि बिदेसिनु बाध्यता हो, तर यो रहरजस्तै भएको छ नेपाली युवाका लागि । त्यसैले अधिकांश युवा हरेक रात विदेशको सपना सोचेर निदाउँछन् र हरेक बिहानी विदेशकै सपना सोचेर ब्युँझन्छन्। अनि पाइलापाइलामा विदेश जाने चक्करमा अनेक भुक्तमान पनि भोग्छन्। तैपनि विदेश जाने इच्छामा कुनै कमी आउँदैन। एक किसिमको उत्साह नै देखिन्छ बिदेसिन आतुर युवाको मनमा। त्यसैले रोजगारीका लागि बिदेसिनु बाध्यता भइकन पनि त्यो रहरजस्तै भएको छ। छोड्न र बिर्सनै नसकिने रहर । त्यसैले बढेको छ बिदेसिने युवाको लहर । हरेक पल, हरेक प्रहर ।

देशको राजनीति र राज्यले देशमै बसेर केही गर्न सकिन्छ र देशमै बसेर केही बन्न सकिन्छ भन्ने आशा, भरोसा र विश्वास जगाउन सकेको भए दैनिक औसत १ हजारभन्दा बढीको संख्यामा नेपाली युवा पक्कै बिदेसिने थिएनन् । देशको राजनीति र राज्यले युवाका बारेमा गम्भीर भएर सोच्दै सोचेन । युवाका रोजगारी, स्वरोजगारी वा उद्यमशीलताजस्ता आर्थिक क्रियाकलापमा न देशको राजनीतिले राज्यलाई घचघच्याउने केही काम गर्न सक्यो, न त राज्यले नै नीतिगत रुपमै रोजगारी, स्वरोजगारी र उद्यमशीलता विकासका लागि कुनै ठोस पहलकदमी गर्न सक्यो ।

देशको राजनीति सत्तामा केन्द्रित हुँदै आयो र राज्य पनि राजनीतिकै प्रभाव र दबाबमा चल्दै आयो । राज्यका अंग राजनीतिक दलका शक्तिशाली नेताहरूको इच्छा र इसारामा चल्दै आयो । जसले गर्दा जनताका माग र आवश्यकतालाई भन्दा नेता, कार्यकर्ता र तिनका आसेपासेको इच्छा र आकांक्षा राज्यको प्राथमिकतामा पर्दै आयो । जसले आमनेपाली जनतामा निराशा मात्रै जन्मायो । यो निराशाबाट सबैभन्दा बढी देशका ऊर्जाशील एवं महत्वाकांक्षी युवा प्रभावित हुन पुगे । बढ्दो युवा पलायन यही निराशाको परिणाम नै हो । देशमा पर्याप्त रोजगारीको अवसर सिर्जना गर्ने काममा राज्य गम्भीर बनेको भए बेरोजगारीको अवस्था कहालीलाग्दो बन्ने थिएन । अनि नेपाली युवाले केवल रोजगारीकै लागि ज्यानै दिनुपर्ने अवस्था पनि सिर्जना हुने थिएन।

देशको राजनीतिले नेपाली युवामा बढेको निराशालाई न्यूनीकरण गर्न केही गरेजस्तो गर्छ, तर केही गर्न सक्दैन । राज्यले पनि त्यस्तै केही गर्न खोजेजस्तो गर्छ, तर केही गर्न सक्दैन । अस्थिर राजनीति तथा नीतिले गर्दा देशको आर्थिक क्रियाकलाप पनि उत्तिकै प्रभावित छ । बदलिरहने सरकार र नीतिहरूले गर्दा आर्थिक क्रियाकलापले नियमित गति लिन सकेको छैन । जसको प्रत्यक्ष असर रोजगारी सिर्जना, उत्पादन, उपभोग र गरिबी न्यूनीकरणमा परेको छ ।

रोजगारी सिर्जना नहुँदा बेरोजगार युवा कामको खोजीमा बिदेसिइरहेका छन् । जसको दूरगामी अर्थ-सामाजिक असर देश र जनताले भोग्नुपरिरहेको छ। ऊर्जाशील युवाको अभावमा यहाँको कृषिकर्म प्रभावित हुँदा कृषिप्रधान मुलुकमा कृषिवस्तुकै अभाव बढिरहेको छ। जसको परिणामस्वरूप बर्सेनि कृषिवस्तुको आयात बढिरहेको छ । उपभोक्ताले मूल्यवृद्धिको मार खेप्नुपरेको छ। रोजगारी र उत्पादन वृद्धि नहुनुको परिणामस्वरूप नेपाली जनताको आयशक्ति कमजोर हुन गई गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्यसमेत प्रभावित बनिरहेको छ ।

रोजगारीको अभावले युवापुस्ता निराश बनिरहेको अवस्थामा देशमा सुशासनको अभाव समेत टड्कारो बनेको छ। भूसको आगोजस्तो सर्वत्र फैलिएको भ्रष्टाचारको जालोले आम नेपाली जनता हायलकायल भएका छन् भने देशको अर्थतन्त्र नै जर्जर अवस्थामा पुगेको छ । देशका नेता र सरकारको भनाइ तथा गराइमा देखिएको विपर्यास स्थितिले नेपाली जनतामा निराशा छाएको छ। विशेष गरी युवापुस्ता अझ बढी निराश छन् । यतिखेर यो निराशालाई चिर्ने र राज्यप्रति भरोसा जगाउने राष्ट्रिय नीति र कार्ययोजनाको खाँचो छ ।

पछिल्लो पटक पाँच दलीय नयाँ गठबन्धनको सरकारले आफ्नो 'न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प' मार्फत निराश नेपाली जनतामा केही आशा जगाउने प्रयास गरेको देखिन्छ। विद्यमान निराशा चिर्ने र भरोसा जगाउने अपेक्षा गरिएको यो न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्पमा अर्थतन्त्रमा उत्पादनदेखि उपभोगसम्म र लगानीदेखि व्यापारसम्म देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दै आर्थिक क्रियाकलापलाई तीव्रता दिने भनिएको छ ।

'काम-रोजगारी-उद्यमशीलता र स्वदेशी उत्पादन' को नारा दिंदै रोजगारी सिर्जनालाई विशेष प्राथमिकता दिएको देखिन्छ । ज्याला रोजगारी र स्वरोजगार दुवै क्षेत्रमा कामको अवसर सिर्जना गर्ने गरी 'मेक इन नेपाल' अभियान सञ्चालन गर्ने, स्वदेशको रोजगारीलाई आकर्षक र मर्यादित बनाउने, वैदेशिक रोजगारीलाई सुरक्षित र सीप सिक्ने (स्किल गेन) माध्यम बनाउने सरकारी नीतिले स्वदेशमै रोजगारीको अवसर सिर्जना हुने अपेक्षा गर्नु सान्दर्भिक नै हुन्छ ।

रोजगारीको अवसर सिर्जनाकै लागि रोजगार बैंक, स्टार्टअप कोष र व्यवसाय तयारी केन्द्र (बिजनेस इन्क्युबेसन सेन्टर) को स्थापना गरी मेक इन नेपाल र मेड इन नेपाल अभियानलाई प्रवर्द्धन गर्ने, रोजगारी सिर्जना हुने क्षेत्रमा राज्यको लगानी बढाउने, 'गिग' अर्थतन्त्रमा युवाहरुको पार्ट-टाइम आबद्धतालाई प्रोत्साहित गर्ने जस्ता सरकारी नीतिले निकट भविष्यमै रोजगारीको थप अवसर सिर्जना हुने देखिन्छ। यो सरकारको नीति र साझा संकल्पले देखाएको आशा हो। चिन्ता यति मात्रै हो कि यो साझा संकल्प निराश जनतालाई आशा देखाउनका लागि मात्रै हो वा साँच्चै केही गरेर देखाउनकै लागि हो ? केही गरेर देखाउनकै लागि हो भने अहिले गर्ने अवसर र वातावरण दुवै छ। यो अवसरको उपयोग गर्न सक्यो भने यो गठबन्धन सरकारको औचित्य पनि पुष्टि हुनेछ ।

सरकारले सधैं नीति र कार्यक्रम मात्रै बनाउने, तर त्यसको कार्यान्वयनमा ध्यान नदिने पुरानै बानीले गर्दाचाहिँ अब पनि आशा गरिहाल्ने आधार देखिँदैन । सरकारको नीति र संकल्प आस गर्नु, भर नपर्नु भनेजस्तै हो। यद्यपि सरकारको यो न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्पको प्रभावकारी कार्यान्वयन हुन सक्यो भने गाउँघर नै युवाविहीन पारेर बिदेसिने युवाको ताँतीमा केही कमी आउने अपेक्षा भने गर्न सकिन्छ। त्यसैले यो साझा संकल्प पूरा हुनुपर्छ भन्ने आमनेपाली जनताको चाहना हो र माग पनि हो ।

*(स्रोतः कारोबारदैनिक)*

# सबै ठिकै छ !



✍प्रतिमा अधिकारी

'भर्खर त १९ वर्ष लागेकी छौ, कति जागिरको लागि मरिहत्ते गरेर पढेको पढ्यै गरेकी ! यो उमेरमा रमाइलो नगरेर कहिले गर्ने हो ?'

'हामी नारीहरू आफ्नो जीवनमा आत्मनिर्भर बन्नुपर्दछ । हजुर १० वर्ष पहिले स्नातक सकेको मान्छे घर गृहस्थी भनी अल्झिनुभयो। अहिले ३५,३६ वर्षको उमेर भएपछि प्रतिस्पर्धाको समयमा आयोग लड्दा नाम निकाल्न कति गाह्रो भएको छ। म त पढाइसँगै स्थायी जागिर नभएसम्म त बिहे नै गर्दिनँ ।'

आफूसँगै ट्युसन पढ्न आउने दिदीहरूलाई आत्मनिर्भर हुनुको महत्व बताउँदै सबैलाई पढ्नको लागि प्रोत्साहन गर्दथेँ । बाबा पनि स्थायी शिक्षक भएको हुँदा मैले पनि सानैदेखि शिक्षक बन्ने लक्ष्य राखेको थिए। कलेज घरबाट टाढा भएको हुँदा दिदीको घरमा बसी कलेज र शिक्षक सेवा आयोगको ट्युसन पढ्दै जसरी भए पनि पहिलो पटकमै आयोगमा नाम निकाल्नु पर्दछ भनी निरन्तर मेहनत गरी पढ्थेँ ।

दिदीको घरमा बस्दा दिदीले कहिले गाली गर्दै, कहिले सम्झाउँदै जागिरको महत्व सम्झाउँदाको पल अझै पनि मन मस्तिष्कमा ताजै छ। सोहीअनुसार निरन्तर मेहनत र आफूसँग भेट भएका सम्पूर्ण महिला दिदीबहिनीहरुलाईलाई जीवनमा जति नै कष्ट परे पनि आत्मनिर्भर बन्नुपर्ने सल्लाह र प्रोत्साहन गर्दथेँ ।

सकारात्मक सोच, दृढ विश्वास र निरन्तर मेहनतले सार्थकता पनि पयो । नभन्दै २०७१ सालको शिक्षक सेवा आयोगमा पहिलो प्रयासमै २० वर्षको उमेरमा स्थायी शिक्षक बन्ने लक्ष्य पूरा भयो। लक्ष्य पूरा भएकोमा यति खुसी थिएँ कि जुन व्यक्त गर्न शब्द नै पर्याप्त छैनन्।

बाबाआमाकी एक्ली छोरी, घरमा खासै दुःखकष्ट केही गरेकी थिइनँ। घरबाट ३ घण्टा टाढा जहाँ पुग्न २ घण्टा हिँड्नुपर्ने, ढुक्कले एक छाक खाना पनि मुस्किल, उही बस्ने अनुकूल वातावरण पनि नभएको ठाउँमा जागिरको नियुक्तिले मनमा बेचैन उत्पन्न हुन सुरू भयो। जागिर निल्नु न ओकल्नु जस्तो भयो मलाई। तर आफ्नो आत्मनिर्भर बन्ने सपना पूरा भएको हुँदा जति नै दुःख कष्ट परे पनि जागिर गरेरै छाड्ने अठोट गरेँ।

केही समय दुःख गरेपछि विस्तारै सरुवाको प्रक्रिया पूरा गरी सुगम वा घर पायक ठाउँमा जान सकिन्छ नि भन्ने सल्लाह पाएपश्चात शिक्षण पेसामा कर्तव्यनिष्ठ बनी लागिपरिरहेँ ।

सरुवाको प्रक्रिया पनि कहाँ सजिलो छ र, दुवै तिरको विद्यालय, विद्यालय व्यवस्थापन समिति, वडा, पालिका तथा जिल्ला लगायतका सयौं जनालाई बिन्ती गर्दा पनि मुस्किलले सरुवा हुन सकिने। त्यही पनि आफूलाई राहत होला भनी सम्बन्धित ठाउँमा आफ्ना दुःख पीरहरू

....बाँकी पृष्ठ ३ मा

# उद्यमशीलता तथा सीप विकास तालिम सम्पन्न




*तालिममा सहभागीलाई प्रमाणपत्र वितरण गर्नुहुँदै वडा अध्यक्ष नरनाथ सुवेदी ।*

समाज संवाददाता

हेटौँडा: बागमती प्रदेश युवा परिषद्को आर्थिक सहयोग तथा हेडम्बा डेभलपमेन्ट एडभाइजर फाउण्डेशनको आयोजानामा हेटौँडा उपमहानगरपालिका वडा नम्बर १९ बस्तीपुरमा सञ्चालित थोरै लगानीमा गर्न सकिने साना व्यवसाय प्रवर्द्धनका लागि ७ दिने उद्यमशीलता तथा सीप विकास तालिम सम्पन्न भएको छ ।

हेडम्बा डेभलपमेन्ट एडभाइजर फाउण्डेशनका अध्यक्ष अनन्त कुमार बानियाँको अध्यक्षता तथा प्रदेश युवा परिषद् बागमतीका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको प्रमुख आतिथ्यमा शुक्रबार समापन समारोह भएको हो । कार्यक्रममा हेटौँडा उपमहानगरपालिका वडा नम्बर १९ का अध्यक्ष नरनाथ सुवेदीको विशिष्ट आतिथ्य रहेको थियो । कार्यक्रम टोल विकास संस्था नगर समन्वय समितिका सदस्य अन्जु पण्डित, जनजागरण दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडका अध्यक्ष देवेन्द्र अर्यालको पनि आतिथ्य रहेको थियो ।

सात दिनसम्म सञ्चालन गरिएको तालिममा आठ जना प्रशिक्षकहरुले व्यवसायको अर्थ तथा परिभाषा स्व-विश्लेषण/मुल्यांकन र पृष्ठपोषणको आवश्यकता र महत्व, सफल उद्यमीका विशेषताहरु, व्यवसायिक योजनाको अर्थ, आवश्यकता र महत्व, व्यवसायिक योजना, उत्पादन योजना, स्व-रोजगार र ज्यालादारी काममा भिन्नता, व्यवसायमा जोखिम तथा जोखिम व्यवस्थापनका, व्यवसाय दर्ता प्रक्रिया तथा सरकारी नीति, नियम लगायतका विषयमा सहजीकरण गर्नुका साथै चटपटे, पानीपुरी, मम, चाउमिन बनाउने तालिम तथा अभ्यासात्मक क्रियाकलाप गरिएको थियो ।

समापन समारोहलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि सन्तोष चौलागाईले इच्छाशक्ति लगाएर मिहिनेतका साथ व्यवसाय सुरु गर्ने साना व्यवसायीहरुका लागि सहयोग गर्न प्रदेश युवा परिषद् प्रतिवद्ध रहेको बताउनुभयो । यसैगरी कार्यक्रमका विशिष्ट अतिथि वडा अध्यक्ष नरनाथ सुवेदीले तालिम पश्चात सिकेको सीप अनुसार नै व्यवसाय सुरु गर्न र लिएको प्रमाणपत्रको कदर गर्न अनुरोध गर्नुभयो । तालिममा अनन्त बानियाँ, जिल्ला कृषि सहकारी संघका नरेश आचार्य, घरेलु तथा साना उद्योग कार्यालयका लेखमान राउत, सुनिल राई, राकेश शाह, सञ्चारकर्मी, प्राध्यापक सुरेश श्रेष्ठ लगायत प्रशिक्षकहरुले सहजीकरण गरेका थिए ।

# रोटरी क्लबद्वारा अटिजम सेन्टरलाई सामग्री सहयोग

समाज संवाददाता

हेटौँडा: रोटरी क्लब अफ मकवानपुरले मंगलबार हेटौँडा-४, हुप्रचौर स्थित अटिजम सेन्टरमा ५० हजार रुपैयाँ बराबरको ट्रम्पलिन खेल सामग्री हस्तान्तरण गरेको छ । २४ जना विद्यार्थी रहेको अटिजम सेन्टरमा एक कार्यक्रमबीच सामग्री हस्तान्तरण गरिएको हो ।

रोटरी क्लव अफ मकवानपुर अध्यक्ष अञ्जनीकुमार पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा रोटरी क्लब अफ धुलिखेलका बर्ष २०१४/१५ का अध्यक्ष रन्जित श्रेष्ठको विशेष आतिथ्य रहेको थियो । कार्यक्रममा रोटरी क्लव अफ पशुपति काठमाडौंका निवर्तमान अध्यक्ष भुवन सिंह कुँवर, मकवानपुर उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष जिवनकाजु मकाजु, रोटरी क्लव अफ मकवानपुरका निर्वाचित अध्यक्ष अनिल अग्रवाल, महासचिव मनोज ढोडारी, कोषाध्यक्ष पवन तिमिल्सिना, अटिजम सेन्टरका सन्चालक उमा पौडेल, निश्ला श्रेष्ठ लगायतको उपस्थिति थियो ।

कार्यक्रममा रोटरी क्लव अफ मकवानपुरका अध्यक्ष अन्जनी कुमार पराजुलीले अटिजम जस्तो संवेदनशील क्षेत्रमा यसरी सहयोग गर्न पाउँदा खुशी लागेको बताउनुभयो । कार्यक्रममा अटिजम सेन्टरकी सन्चालक उमा पौडेलको पनि कार्यक्रमा उपस्थिति रहेको थियो ।

## सबै...

राखिरहेँ । त्यसको एक वर्षपछि सरुवा भयो, तर पहिलेको विद्यालय पुग्दा ३ घण्टा लाग्दथ्यो भने अहिले डेढ घण्टा । ठिकै छ यति भए पनि केही राहत भयो भनी सहयोगी सबैप्रति आभार प्रकट गर्दै सुख दुःख जीवन निर्वाह गर्दै गएँ ।

भगवानले दुःख बुझ्नु भएछ कि, त्यही विद्यालय नजिकको ठाउँमा बिहे भयो। दुखी जागिरे जीवनमा घरपायक बनेको हुँदा केही राहत महसुस गरेकी थिएँ ।

घर परिवारबाट पनि एकदमै सहयोग गर्नुहुन्थ्यो। स्नाकोत्तरको पढाइ पूरा भएसँगै अब प्राथमिक तहमा मात्र अल्झेर नभइ निम्न माध्यमिक र माध्यमिक तहमा पनि नाम निकाल्नु पर्छ भनी आयोग तयारी गर्दा निम्न माध्यमिक तहमा नाम पनि निस्कियो ।

केही समय मात्र घरपायक जागिरको सुखद अनुभूति लिएकी म थोरै मात्र तलबको अन्तर रहेको उपल्लो तहमा नाम निस्कँदा घर छाडी जाने कि प्राविमै सीमित रही बस्ने कुराले अत्यन्तै दोधार बनायो । जति नै दोधार बने नि निर्णय लिनु पर्ने दिन नजिक आइसकेको थियो ।

क्षमता, योग्यता र मेहनतमा विश्वास गर्ने म उपल्लो तहमा नाम निस्कँदा नियुक्ति नलिइ बस्न मनै मानेन । आफ्नै जिल्लामा नै नियुक्ति लिने अवस्था मिलेको हुँदा जे जस्तो परे पनि सहने दृढ विश्वासका साथ आफ्नै जिल्लाको एक दुर्गम ठाउँको एक माध्यमिक विद्यालयमा नियुक्ति लिई जीवनको अर्को अध्याय सुरू गरेँ ।

२ वर्षकी सानी छोरी, विदेशिएका श्रीमान, त्यो अपरिचित ठाउँ, पातलो बस्ती, जङ्गल नजिक पुराना असुरक्षित लाग्ने घरहरु, बर्खामा गाडी पनि मुस्किलले जाने त्यस्तो ठाउँमा आफ्ना दिनचार्या कति कष्टकर साथ बिताएँ व्यक्त गर्दा आँसु यसै छचल्किएर आउँछ। असहज समयमा पनि त्यहाँ एउटै घरमा बस्दा सहयोग गर्ने म्याडम, छिमेकी, गुरुबा गुरुआमाहरुलाई मनैदेखि सम्झन चाहन्छु ।

यातायात सहज हुँदो हो त त्यति कष्टकर समय पनि हुँदैनथ्यो होला । उमेरमा कच्चा नै थिएँ। त्यो दुर्गम स्थान, बिरामी सानी छोरी, दूरको अस्पताल, गर्भवती आफू, विदेशी श्रीमान, घर परिवारबाट टाढा बसी एक्लै सहनु साँच्चै नै पीडादायक थियो मेरा लागि ।

परिवर्तित आधुनिक जमाना, शिक्षित भनाउँदा मानिस, आत्मनिर्भर महिला भनिएता पनि समाज अझै अन्धविश्वासमा नै जरो गाडेर नै बसेको छ कि जस्तो लाग्दछ । पहिलो सन्तान छोरी भएको हुँदा जसरी पनि दोस्रो सन्तान जन्म दिनै पर्ने, त्यही पनि छोरो नै हुनुपर्ने जस्तो समाजको र परिवारको अप्रत्यक्ष रुपमा दबाब रहेको महसुस गर्दथेँ ।

मुस्किलले रहेको कोखको सन्तान पनि दुर्गममा हुँदा सकुशल जन्म दिन सक्दिनँ कि भन्ने मनमा छटपटी थियो । जागिर छाड्न नसके पनि सरुवा गरी घर पायक वा केही सुगम स्थानमा जान सके जीवन केही सहज होला कि भन्ने झिनो आशा थियो । आफूलाई माया गर्ने, समस्या बुझिदिने सम्बन्धित व्यक्तिहरूलाई रोई, कराई आफ्नो पीडा व्यक्त गरिरहेँ । तर भने जस्तो सजिलो कहाँ हुँदो रहेछ र !

कसैले केही क्षण सहानुभूति दिए पनि कसैले तिमीभन्दा अझै दुःख पाएका पनि छन्, पहुँच, पावर छ भने कोसिस गर, यहाँ जसको शक्ति उसको भक्ति रहेछ भन्ने जस्ता तितामिठा वचनहरु सुन्दै आएँ । निम्न माध्यमिकको दरबन्दी नै कम हुने, आफ्नो विषय मिलाएर सरुवा गर्ने काम सजिलो पनि थिएन । जसरी भए पनि सरुवा हुनै पर्दछ भनी सम्बन्धित सबैलाई आफ्ना पीडा सुनाई राखेँ। भगवानले पुकार सुनिदिएछन्, केही सहज ठाउँमा तर घर अपायक ठाउँमा सरुवा हुने अवस्था सृजना बन्यो। भगवान रुपी सहयोगी व्यक्तिहरुलाई हृदयदेखि हार्दिक नमन टक्र्याउन चाहन्छु । साथै छोरो पनि जन्मियो ।

चाहें जस्तो सबै नभए पनि अब त केही राहत होला भनी जीवन चलाइराखेको थिएँ। सुत्केरी बिदा सकिएसँगै घर आपायक विद्यालयमा छोरो कसरी हुर्काउने भन्ने फेरि अर्को पीडा बल्झिहाल्यो ।

भनिन्छ जीवन संघर्ष हो, जीवनमा आएका उतार चढावलाई धैर्यताका साथ अनुशरण गर्दै गए एकदिन सुखको श्वास फेर्न सकिन्छ। तर मेरो जागिरे जीवनभरि कहिल्यै आनन्दको अनुभूति गर्नै नै पाइनँ । आत्मनिर्भर त के, कमाएको पैसा केही बचत गर्नु नसकी उल्टो घरपरिवारबाट माग्नु पर्ने स्थिति सृजना हुँदै गयो । त्यो चार महिनाको छोरो घरमा छाड्न पनि नमिल्ने, घरको सदस्य मेरो डेरामा आएर हेरिदिने पनि कोही नहुने, नमिल्ने साथै विद्यालयमा लैजानु पनि नमिल्ने, जागिर छाड्न पनि नसक्ने हुँदा विद्यालय नजिकै डेरा खोजी छोरो हेरिदिने मान्छे कसो नभेटिएला भनी विद्यालय नजिक सबैलाई आग्रह गरेँ । मासिक १० हजार रुपैयाँ दिने गरी मान्छे राखेँ । पर्याप्त स्याहारको कमीले छोरो दिन प्रतिदिन बिरामी हुँदै गयो । उपचार खर्च, कोठा भाडा, हेरालो खर्च तथा घरायसी खर्च मेरो जागिरले धान्ने अवस्था थिएन। तर पनि मन बुझाइ राखेँ । सपनाको जागिर र बुढेसकालको सहारा हुर्काउँदाको पीडा जे जति भए पनि एकदिन मेरो पनि उज्यालो छाउला भनी पर्खिरहेँ । जागिरको १० वर्ष बित्नै लागे पनि अझै पनि घर अपायक नै छु। मुस्किलले भेटिएको छोरो हेरिदिने मान्छेले पनि अब मैले नभ्याउने भएँ भन्दिने बित्तिकै फेरि अर्को बज्रपात पर्न पुग्यो । विद्यालय जाने उमेर नहुँदासम्म जे जति कष्ट आइपरे पनि सहेर जागिर र सन्तान सँगसँगै हुर्काउनु नै थियो ।


एकपटक रोइ कराइ अलि सहज ठाउँमा सरुवा भए पनि साना छोराछोरी हुँदा, १० वर्षसम्म पनि घर अपायक भएको हुँदा राहतको कुनै अनुभूति गर्नै नै पाइनँ। फेरि घर पायक ठाउँको सरुवाको लागि मैले सयौं मानिससँग बिन्ती गर्नुपर्ने हुन्छ । बिन्ती गरेर मात्र सरुवा हुने र घर परिवार सँगसँगै रहने अवस्था हुने थियो भने जति नै झुकेर बिन्ती गर्दथेँ तर पटक-पटक मेरो मात्र बिन्ती सुनिदिने अब कोही छैनन् । एकछिन सहानुभूति देखाए पनि बल्ल खाइस् भन्नेको केही कमी पनि छैन यहाँ ।

म सरकार, शिक्षासँग सम्बन्धित निकाय तथा व्यक्तिलाई यो शिक्षक सरुवा प्रक्रिया अत्यन्त सहज बनाउन अनुरोध गर्न चाहन्छु कि पहुँचवाला व्यक्ति एकपटक मिलाए पछि सधैं सुगम स्थानमा र पहुँच नहुने व्यक्ति जीवनभर रोएरै दुर्गम ठाउँमा जीवन कटाउनु पर्ने अवस्थाको अन्त्य होस् । मानिसलाई नाम निकाल्नुभन्दा सरुवा प्रक्रिया झन्झटिलो हुनाले एक तह निकालेपछि माथिल्लो तह पढ्नै छाड्नु पर्ने अवस्था सृजना नहोस्। निश्चित अन्तरालमा सरुवा हुने प्रक्रिया कार्यान्वयन होस् । महिला तथा अपाङ्ग व्यक्तिहरूलाई समस्याको आधारमा विशेष सुविधाको सृजना होस् ताकि हेपिएको शिक्षण पेसामा प्रति आकर्षित व्यक्ति पनि जागिरे जीवनबाट सन्तुष्ट जीवन बिताउन सकुन् न कि कुन दिन यस्तो पेसा रोजेछु भनी धिकार्दै बस्ने दिन नआओस् ।

मानिस हरेक पीडाहरु सहँदै आएपछि कठोर बन्दै जाँदो रहेछ। सबैलाई सानैमा आत्मनिर्भर हुन प्रोत्साहान गर्ने मानिस पनि पीडित भएपछि घरपरिवारको सँगैको साथ नै महत्वपूर्ण र सन्तान हुर्काएपछि मात्र जागिर आँट्नु पर्ने सल्लाह दिने हुँदोरहेछ। जति नै कष्ट परे पनि आजकाल 'के छ खबर ?' भनी सोध्दा मनभरि पीडा लुकाई ओठमा फिक्का हाँसो राखी भन्ने गर्दछु- सबै ठिकै छ ।

*(लेखक श्री त्रिभुवन शान्ति माविमा अध्यापनरत शिक्षक हुन् । स्रोत: सेतोपाटी)*


# हार्दिक समवेदना



जन्म:
२००० भाद्र २ गते

**स्व. गोकर्ण राज महत**

स्व.:
२०८० चैत्र २९ गते

यस बालबोध माध्यमिक विद्यालयमा तीन दशक भन्दा बढी समय प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नुभएका आदरणीय **गोकर्ण राज महत**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बालबोध माध्यमिक विद्यालय परिवार**

**हेटौँडा-१७, हटिया**

## ज्ञानदीप शिक्षा (जि.एस.) निकेतन माध्यमिक विद्यालय

हेटौंडा-५, भैरवरोड

**शिक्षक अवश्यकता (प्रथम संशोधन)**

यस विद्यालयका लागि निम्न तह र विषयका शिक्षकहरु करारमा नियुक्ती गर्नुपर्ने भएकोले तपसिल अनुसारको योज्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपसिल :**

| क्र.सं. | तह/विषय | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| १ | प्रा.शि. ग्रेड शिक्षक | १ जना | (महिला) कक्षा १२ उत्तीर्ण वा सो सरह, मन्टेश्वरी तालिमलाई प्राथमिकता |
| २ | प्रा.शि. अङ्ग्रेजी | १ जना | मुख्य विषय अङ्ग्रेजी लिई कक्षा १२ उत्तीर्ण वा सो सरह |
| ३ | प्रा.शि. विज्ञान | १ जना | मुख्य विषय विज्ञान लिई कक्षा १२ उत्तीर्ण वा सो सरह |
| ४ | नि.मा.शि. गणित | १ जना | मूख्य विषय गणित लिई कक्षा १२ उत्तीर्ण, वा सो सरह । माथिल्लो योग्यता र अनुभवलाई विशेष प्राथमिकता प्रदान गरिनेछ । |

१. परीक्षाको किसिम: लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
२. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
३. दरखास्त दिने अन्तिम मिति : २०८१/०१/१८ गते दिउँसो ४:०० बजेसम्म ।
४. लिखित परीक्षा : २०८१/०१/१९ गते बुधबार विहान ११ बजे ।
५. परीक्षा दस्तुर : नि.मा.वि. तहका लागि रु. १,२००/-, प्रा.वि. तहका लागि १,०००/-
५. आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, एस.ई.ई भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित आवेदन र फोटो १ प्रति ।
७. पाठ्यक्रम : नि.मा.वि. र प्रा.वि. शिक्षकका लागि शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार नि.मा.वि. तहको विषयगत पाठ्यक्रमबाट १०० अङकको लिखित परीक्षा हुनेछ ।
ग्रेड शिक्षकको लागि : प्रा.वि. तहको पाठ्यक्रम अनुसार विषयगत १०० अङ्कको लिखित परीक्षा हुनेछ ।
८. अध्यापन अनुमति पत्र : अनिवार्य नरहेको ।

**जी. एस. निकेतन मा. वि. हेटाँडा-४,**

**सम्पर्क फोन : ०५७-५२३४१५, ९८५५०६९१८४**

# मेयर कप फुटबलको उपाधि ४ नम्बर वडाले जित्यो



उपाधिसाथ हेटौँडा-४ को टिम ।

समाज संवाददाता

हेटौँडाः चौथो संस्करणको मेयर कप फुटबल प्रतियोगिताको उपाधि ४ नम्बर वडाले जितेको छ । बुधबार हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको फाइनल खेलमा १४ नम्बर वडालाई टाइब्रेकरमा ६-५ गोलअन्तरले हराउँदै ४ नम्बर वडाले उपाधि जितेको हो ।

निर्धारित समय १-१ गोलको बराबरी भएपछि खेल टाइब्रेकरमा पुगेको थियो । टाइब्रेकरमा पनि बराबरीमा रोकिएर नतिजाको लागि सडन डेथमा धकेलिएको थियो । प्रतियोगिताको उपाधि विजेता वडा-४ ले दुई लाख रुपैयाँ र उपविजेता वडा-१४ ले एक लाख ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । यस्तै, प्रतियोगितामा तृतीय हुने १५ नम्बर वडाले ५० हजार रुपैयाँ र चौथो हुने १३ नम्बर वडाले २५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै वडा नम्बर ४ का अनिश महर्जनले १० हजार रुपैयाँ प्राप्त गरेका छन् । यस्तै, प्रतियोगिताको उत्कृष्ट गोलरक्षक निरज देउला, उत्कृष्ट डिफेन्डर १४ नम्बर वडाका सुविन घलान, उत्कृष्ट मिडफिल्डर १४ नम्बर वडाकै दीपेश भण्डारी र उत्कृष्ट फरवार्ड ४ नम्बर वडाका अनुप राना मगर घोषित भएका छन् ।

प्रतियोगितामा हेटौँडा उपमहानगर पालिकाको १९ वटै वडाहरुको सहभागिता रहेको थियो । नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्रप्रसाद घिमिरेको सभाध्यक्षता तथा हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको थियो । पुरस्कार वितरण कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँ, मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामा, मकवानपुर जिल्ला खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष वेश खड्गी, हेटौँडा-११ की वडाध्यक्ष जुना दहाल, हेटौँडा-४ का वडाध्यक्ष नवीन सिग्देललगायतको आतिथ्य रहेको थियो ।

यसअघि मंगलबार भएको पहिलो सेमिफाइनलमा साविक उपविजेता वडा नम्बर १५ लाई टाइब्रेकरमा ४-३ गोलअन्तरले हराउँदै १४ नम्बर वडा फाइनलमा प्रवेश गरेको थियो भने मंगलबार भएकै दोस्रो सेमिफाइनल खेलमा ४ नम्बर वडाले १३ नम्बर वडालाई सडनडेथमा ५-४ गोल अन्तरले हराउँदै सेमिफाइनलमा प्रवेश गरेको थियो ।

# सवारी दुर्घटनामा ९ महिनामा ४१ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म सवारी दुर्घटनामा परी ४१ जनाको मृत्यु भएको छ । जिल्ला ट्राफिक कार्यालय मकवानपुरको तथ्याङ्कअनुसार पछिल्लो ९ महिनामा १ सय ७५ सवारी दुर्घटना हुँदा ४१ जनाको मृत्यु भएको हो ।

चालु आर्थिक वर्षको साउनमा ३ जना, भदौमा एक, असोजमा ६, कार्तिकमा ७, मंसिरमा १२, पौषमा ३, माघमा ४, फागुनमा ३ जना र चैत महिनामा दुई जनाको सवारी दुर्घटनामा परी ज्यान गएको हो । उक्त घटनामा ८७ जना गम्भीर घाइते भएका थिए भने २ सय ६४ जना सामान्य घाइते भएका थिए ।

सवारी दुर्घटनामा ज्यान गुमाउनेको यो सङ्ख्या गत आर्थिक वर्षको भन्दा कम हो । गत आर्थिक वर्षको चैत मसान्तसम्म २ सय ५२ सवारी दुर्घटनामा ६१ जनाको मृत्यु भएको थियो । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख बसन्त आचार्यका अनुसार लापरबाही तरिकाले सवारी साधन चलाउने गर्दा दुघर्टना हुने गरेको छ ।

ओभरस्पिड, मद्यपान र लागूऔषध सेवन गरी सवारी साधन चलाउने गर्दा अझ बढी दुर्घटना हुने गरेको उहाँले बताउनुभयो । सवारी दुर्घटना प्रायःगरी चाडपर्वको समयमा बढी हुने गरेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले विभिन्न सचेतनाका कार्यक्रम सञ्चालन गर्दै आइरहे पनि अझै सवारी चालकहरुले नियमको अटेर गर्ने गरेको पाइएको छ ।

ट्राफिक नियम आफैंका लागि नभई प्रहरीका लागि जस्तो गर्ने र प्रहरीको अगाडिमात्र पालना गर्ने गरेको प्रमुख आचार्यको भनाइ छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयले ट्राफिक नियमबारे विद्यार्थीलाई कक्षा, मापसे कक्षा, नयाँ सवारी चालक र व्यवसायीहरुलाई सचेतनामूलक कार्यक्रम गर्दै आइरहेको छ ।

# ५८ जनाले गरे रक्तदान



समाज संवाददाता

हेटौंडाः नेपाल प्रहरी श्रीमती संघ बागमती प्रदेशको आयोजनामा हेटौंडामा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा ५८ जनाले रक्तदान गरेका छन् । बुधबार प्रदेश प्रहरी कार्यालयको परिसरमा भएको रक्तदान कार्यक्रममा ५५ जना पुरुष र ३ जना महिलाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका इन्चार्ज टंक दहालले जानकारी दिनुभएको छ ।

रक्तदान कार्यक्रम रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा भएको दहालले बताउनुभयो । रक्तदान कार्यक्रममा प्रहरी नायव महानिरीक्षक बिष्णुकुमार केसी, नेपाल प्रहरी श्रीमती संघ बागमती प्रदेश हेटौंडाका अध्यक्ष सविना सिलवाललगायतको उपस्थिति रहेको थियो ।

शुक्रबार बिहान ७ बजे हेटौंडा-४, पारिजातपथस्थित सिटिजन बैंकमा रक्तदान कार्यक्रम हुने उहाँले बताउनुभयो ।

# वक्तृत्वकला प्रतियोगितामा निरौला प्रथम

समाज संवाददाता

हेटौंडाः आँचल साहित्य कलापुञ्ज मकवानपुरको आयोजना तथा १० नम्बर वडा कार्यालयको सहयोगमा बुधबार भएको खुला वक्तृत्वकला प्रतियोगितामा आकांक्षा निरौला प्रथम हुनुभएको छ । नेपालको सामाजिक रुपान्तरणमा राजनीतिक आन्दोलनको भूमिका विषयक खुला वक्तृत्वकला पतियोगितामा निरौला प्रथम हुनुभएको हो ।

प्रतियोगितामा सहभागी १८ जना प्रतियोगीहरुमध्ये कृतिका लौंडारी द्वितीय हुनुभएको छ भने सुनिल न्यौपाने तृतीय हुनुभएको छ । यस्तै, प्रियान्सु पोखरेल सान्त्वना हुँदा युवेश ढकालले प्रोत्साहन पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमशः ८ हजार रुपैयाँ, ६ हजार रुपैयाँ, ४ हजार रुपैयाँ र सान्त्वनाले २ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् भने ढकालले प्रोत्साहन पुरस्कारस्वरुप ५ सय रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

आँचल साहित्य कलापुञ्जकी अध्यक्ष भावना सापकोटाको सभाध्यक्ष तथा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन भएको हो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पूर्वमुख्यमन्त्री पौडेलले पछिल्लो समय साहित्य क्षेत्रले फड्को मारिरहेको बताउनुभएको छ । सामाजिक रुपान्तरणका लागि साहित्यिक क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको उहाँले बताउनुभयो ।

वक्तृत्वकला प्रतियोगिताको आयोजनाबाट बाहिरी ज्ञानको क्षमतालाई अभिवृद्धि गर्न मद्दत पुऱ्याउने पूर्वमुख्यमन्त्री पौडेलले बताउनुभयो । कुनै पनि प्रतियोगितामा सहभागी हुनुअघि जितको लक्ष्यसहित मैदानमा उत्रनुपर्ने उहाँको भनाइ छ ।

पुरुषको तुलनामा महिला सहभागिताको संख्यामा वृद्धि हुँदै गएको उहाँले दावी गर्नुभएको छ । उद्घाटन कार्यक्रममा वडा-१० का अध्यक्ष फुर्वा दोर्जे लामा, वडा सदस्य ईश्वरप्रसाद मैनाली र जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष सानु लामा दोङको पनि उपस्थिति रहेको थियो ।

# पारिजात स्मृति सम्मानबाट डा. मास्के सम्मानित



डा. महेश मास्केलाई पारिजात स्मृति सम्मान प्रदान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः पारिजात स्मृति साहित्य सम्मान २०८० बाट डा. महेश मास्के सम्मानित हुनुभएको छ । ३१औं पारिजात स्मृति दिवसका दिन बुधबार हेटौंडामा डा. मास्केलाई १५ हजार ५ सय ५५ रुपैयाँसहित सम्मान गरिएको हो । पारिजात स्मृति प्रतिष्ठानका पूर्वअध्यक्ष समेत रहनुभएका डा. महेश मास्केलाई नेपाली साहित्यमा कविता तथा साहित्यिक पत्रकारिताकासँगसँगै स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको हो ।

साहित्य संगम मकवानपुर र आदर्श टोल विकास संस्थाको संयुक्त आयोजनामा डा. मास्केलाई सम्मानसँगै रचना वाचन कार्यक्रम समेत भएको छ ।

सम्मान ग्रहण गर्नुभएपछि डा. मास्कले आफुले प्राप्त गरेको नगद राशी बराबरको रकम थप गरेर साहित्य संगम मकवानपुरले स्थापना गरेको अक्षकोषकामा सहयोग गर्ने घोषणा गर्नुभएको छ । पारिजातको योगदानको कदर गरेर यसलाई जोगाउने कार्यमा लागेकोमा उहाँले खुशी व्यक्त गर्नुभयो । उहाँले पारिजातले साहित्य क्षेत्रमा पुर्याउनुभएको योग्दानको चर्चा गर्नुभएको थियो ।

साहित्यकार शान्ति प्रियवन्दनाले पारिजातले वि.सं. २०१३ सालबाट कविता लेख्न सुरु गरेको बताउनुभयो । कवितापछि ११ वटा उपन्यास लेख्न सुरु गरेको प्रियवन्दनाले बताउनुभयो । पारिजात मदन पुरस्कार प्राप्त गर्ने पहिलो महिला साहित्यकार समेत भएको उहाँले जानकारी दिनुभयो । सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले सम्मानित व्यक्ति डा. मास्केको विभिन्न मार्क्सवादी र प्रगतिवादी कविता प्रकाशन भएको बताउनुभयो । स्वास्थ्य क्षेत्रको अन्तर्राष्ट्रिय नीतिमा रहेर थुप्रै काम गर्नुभएको बताउनुहुँदै संघ, संस्थामा सहभागिता जनाएकोमा खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामाले साहित्य क्षेत्रलाई अगाडि बढाउनका लागि छलफल गरेर अगाडि बढ्नुपर्ने बताउनुभएको छ । बजेटको विषयमा साहित्यसँग सहकार्य नभएको उहाँले बताउनुभयो । साहित्य संगम मकवानपुरका अध्यक्ष डिबी बर्तौलाले पारिजात स्मृतिको अवसरमा २ बर्षको अन्तरालमा साहित्यक क्षेत्रमा योग्दान दिने व्यक्तिलाई सम्मान गर्ने गरेको बताउनुभयो । २ वर्षको अन्तरालमा स्रष्टालाई सम्मान गर्ने गरेकोमा अब हरेक बर्ष सम्मान प्रदान गर्नका लागि वातावरण सिर्जना गर्ने बताउनुभयो । कार्यक्रममा र जनी पौडेल, भवानी तिमल्सिना र जनार्द्धन खनालले पारिजताका रचना वाचन गर्नुभएको थियो ।

# एसीसी प्रिमियर कप
# नेपालले सेमिफाइनलमा युएईसँग खेल्ने

काठमाडौं: नेपालले ओमानमा जारी एसीसी प्रिमियर कप २०२४ को सेमिफाइनलमा युएईसँग खेल्ने पक्का भएको छ । समूह चरणको अन्तिम खेलमा ओमानले कुवेतलाई ४६ रनले हराएसँगै सेमिफाइनल समीकरण पूरा भएको छ । नेपाल समूह ए बाट ४ खेलमा अपराजित रहँदै शीर्षस्थानमा रह्यो । हङकङ ४ खेलमा २ मा जित र २ मा हारसहित ४ अंकका साथ नेटरनरेटमा कतारलाई पछि पार्दै उपविजेता बनेर सेमिफाइनलमा पुग्यो ।

समूह बी बाट ओमान ४ खेलमा अपराजित रहँदै शीर्षस्थानमा रह्यो । युएई ४ खेलमा ३ मा जित र १ मा हारसहित ६ अंकका साथ दोस्रो स्थानमा रह्यो । सेमिफाइनलमा नेपालले युएई तथा ओमानले हङकङसँग खेल्नेछन् । नेपालले समूह चरणमा मलेसियालाई ५ विकेट, कतारलाई ३२ रन, हङकङलाई ९ विकेट र साउदी अरेवियालाई ६ विकेटले हराएको थियो । युएईले कुवेतलाई ७ विकेट, बहराइनलाई ३७ रन र कम्बोडियालाई ९ विकेटले हराएको थियो । ओमानसँग युएई ९ विकेटले हारेको थियो । दुबै सेमिफाइनल खेलहरु शुक्रबार हुनेछन् । सेमिफाइनलमा पराजित हुने टोलीले शनिबार तेस्रो स्थानको लागि प्रतिस्पर्धा गर्नेछ । फाइनल आइतबार हुनेछ । प्रतियोगिता विजेताले टी-२० एसिया कप र शीर्ष तीन टोलीले एसीसी इमर्जिङ टिम्स एसिया कप खेल्न पाउनेछन् । एसिया कपमा भारत, पाकिस्तान, अफगानिस्तान, श्रीलंका र बंगलादेश हुनेछन् ।

स्रोत: अनलाइनखबर ।

# भिरबाट लडेर तामाङको मृत्यु

समाज संवाददाता

हेटौंडाः नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका-२, ढाडेमा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४० वर्षीय हरी बहादुर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार बिहान ६ बजेर ३० मिनेटको समयमा तामाङ आफ्नै घरदेखि एक सय मिटर उत्तरतर्फ बोलगाउ भिरबाट ३ मिटर तल खसी घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# वन विज्ञानमा वन्यजन्तु सप्ताह

समाज संवाददाता

हेटौंडाः हेटौंडामा वन्यजन्तु सप्ताहअन्तर्गत् विभिन्न कार्यक्रम भइरहेको छ । बैशाख १ गतेदेखि सुरु भएको वन्यजन्तु सप्ताह ७ गतेसम्म विविध कार्यक्रम गरी मनाइँदैछ ।

वन विज्ञान विषय अध्ययनरत विद्यार्थीहरुको समूहले वन्यजन्तु सप्ताहको अवसरमा विविध कार्यक्रमको आयोजना गरेका छन् । विगत वर्षहरुमा पनि वन्यजन्तु सप्ताह मनाउने गरेको वन विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीले यस वर्ष पनि विविध कार्यक्रम गरेर वन्यजन्तु सप्ताह मनाइरहेका हुन् ।

कृषि तथा वन विश्वविद्यालयको वन विज्ञान संकाय र त्रिभुवन विश्वविद्यालयको वन विज्ञान अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरुले वन्यजन्तु संरक्षणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम गरेर वन्यजन्तु सप्ताह मनाउँदै आइरहेका छन् । विभिन्न संघसंस्थासँगको सहकार्यमा सप्ताव्यापी कार्यक्रम भइरहेको आयोजक कमिटीका सचिव कृतिका लौंडारीले जानकारी दिनुभयो । पहिलो दिन शनिबार उद्घाटन समारोह, होर्डिङ बोर्ड, डस्टविन स्थापना र वाटरहोल पुनस्थापना गरिएको छ । दोस्रो दिन आइतबार सडक ऱ्याली र सचेतनामूलक फ्लेक्स प्रदर्शन गरिएको छ । सप्ताहव्यापी कार्यक्रमको तेस्रो दिन सोमबार फोहोर खोज चुनौती र बालबालिका केन्द्रित जलवायु सचेतना गरिएको छ । यस्तै, चौथो दिन मंगलबार बिहान रक्तदान कार्यक्रम र प्यानल छलफल गरिएको छ भने पाँचौं दिन बुधबार क्यामेरा ट्रयाप तालिम र खुला कला मञ्चको कार्यक्रम गरिएको सचिव लौंडारीले जानकारी दिनुभयो । सप्ताहव्यापी कार्यक्रमको छैटौं दिन बिहीबार सर्प उद्दार तालिम र पक्षी विज्ञानसम्बन्धी तालिम सञ्चालन गरिनेछ भने र सातौं दिन समापन कार्यक्रम हुने बताइएको छ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ